दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक २३७ | बुटवल | २०८१ भदौ ०७, गते शुक्रबार | नेपाल संवत ११४४ | Friday Aug.23, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन)
फोन:- ०७१५४२५७१


# नक्कली छोरी बनेर करोडौंको घरजग्गा हत्याउने प्रयास

## सीडीओ भन्छन् : सर्जमिन शंकास्पद छ

**लुम्बिनी संवाददाता**

*बुटवल*



दुईजना भारतीय नागरिकका छोरीले भैरहवामा नक्कली छोरी बनेर करोडौंको घरजग्गा हत्याउने प्रयास गरेको पाइएको छ । रूपन्देहीको सिद्धार्थनगर नगरपालिका-६ का सुखु मल्लाहको नाम राखी श्रीमानबाट सनाखत बनाएर नागरिकता लिएपछि सम्पत्ती ह त्याउन खोजेको पाइएको हो । निसन्तान सुखुको मृत्युपछि अदालतको फैसलाबाट उनको सम्पत्ती दाइ फौदार मल्लाहका छोराहरू लालजित र सन्त मल्लाहको नाममा गएको थियो । तर जनप्रतिनिधि र प्रशासनको मिलेमतोमा फरक ठाउँमा सर्जमिन गराइ भारतीय नागरिक बदल मल्लाहका छोरीहरू मालती मल्लाहीन र रिखीदेवी मल्लाह अग्रवालले सम्पत्ती हत्याउन खोजेका हुन् ।

सिद्धार्थनगर-६ का लालजित र सन्त मल्लाहका बुवाहरू दुई भाइ हुन् । लालजित र सन्तका बुवा फौदार हुन भने काका सुखु मल्लाह । फौदारका दुई छोरा र ५ छोरी छन् । तर काका सुखु र काकी कवुतरीका कोखबाट सन्तान भएनन् । उनीहरूका बुवा फौदारको २०७७ जेठ ८ र आमा झिनाको भने १० वर्ष अघि नै मृत्यु भइसकेको छ । काका सुखुको २०७८ असार १७ र काकी कपुतरी मल्लाहको २०७७ माघ १० मृत्यु भयो ।

सन्तान नभएकाले सुखु र कपुतरीको सहारा लालजित र सन्त बनेका थिए । 'दुःखबिरामी हुँदा, औषधि उपचारदेखि मृत्युपछिका सम्पूर्ण संस्कार हामी दुई भाइले गरेका हौँ', बिहीबार भैरहवामा पत्रकार सम्मेलन गर्दै सन्तले भने-'बुवाआमा र काका-काकी बाचुञ्जेल कसैको दाबी थिएन । तर मृत्युपछि एकाएक मालती र रिखीदेवी छोरी बनेर सम्पत्ती खान लागे ।' बुवाआमा र काका-काकीको मृत्युपछि लालजित र सन्तले निसन्तान भएको भन्दै काकाको नाममा रहेको जायजेथा आफूहरूका नाममा लिनका लागि रूपन्देही जिल्ला अदालतमा मुद्दा दर्ता गरे । तत्कालीन न्यायाधीश लीलाराज अधिकारीको इजलासले २०७८ कार्तिक १५ गते फौदार र सुखुको नाममा रहेको जमिन लालजित र सन्तको नाममा जाने फैसला गर्यो । अंशबण्डा गरेर उनीहरूले सबै जायजेथा दुई भाइका नाममा गराए ।

'त्यसपछि एकाएक २०७८ फागुन १० गते हाम्रो घरमा अंश मुद्दा परेको भन्दै जिल्ला अदालत, रूपन्देहीले म्याद पठायो । म्याद बुझेर हामी अदालत गयौं । यसपछि बल्ल थाहा भयो, काका सुखुको नक्कली छोरी बनेर अंशका लागि सिद्धार्थनगर-८ की रिखीदेवी मल्लाह अग्रवाल र मायादेवी गाउँपालिका-३ की मालती मल्लाहले मुद्दा हालेको', सन्तले भने-'जबकी काका सुखुको सन्तान नै जन्मिएका थिएनन् । एकाएक अर्कै दुई महिलाले अदालतमा अंश मुद्दा दायर गरेपछि हामी अन्यायमा पर्यौं र अदालत र प्रशासन धाउन थाल्यौं ।'

अंश मुद्दा हाल्ने रिखीदेवी र मालतीले सुखुको दुई श्रीमती रहेको दाबी गरेका थिए । रिखीदेवीले सुखुको पहिलो श्रीमती कवुतरी र मालतीले दोस्रो श्रीमती फूलझरी मल्लाहको छोरी भएको दाबी गरेका थिए । जबकी मालती मल्लाहीन भारतको बस्ती जिल्लाको मेहदावलका भारतीय नागरिक बदल मल्लाहको जेठी श्रीमतीबाट जन्मिएकी र रिखीदेवी बदलकी कान्छी श्रीमती मैनादेवी मल्लाहीनको कोखबाट जन्मिएकी छोरी भएको लालजित र सन्तको दाबी छ । 'त्यसअघि मालती र रिखीदेवीले हामी सुखुको छोरीहरू हो भनेर दाबी गर्दै सिद्धार्थनगर नगरपालिका-६ मा हाम्रो काका सुखुको मृत्युदर्ता माग गरेका थिए । तर, वडा कार्यालयले दिएन', उनले भने-'त्यसपछि उनीहरूले उच्च अदालत बुटवलमा सिद्धार्थनगर नगरपालिका र वडा नं. ६ को कार्यालयविरुद्ध मुद्दा दायर गरेका थिए । उनीहरूले अदालतमा सुखु मल्लाहको छोरी भएको प्रमाण पेस गर्न सकेनन् ।'

त्यसबेला अदालतमा मालती र रिखीदेवीले एकअर्कालाई आफू मात्रै सुखुको छोरी भएको दाबी गर्दै मुद्दा लडे । तर, अदालतले मालतीको जन्म र बुवा दाबी गरिएका सुखुको जन्ममिति जम्मा ६ वर्ष फरक देखिएको तथा रिखीदेवीको दाबी र प्रमाण झुठा भएको भन्दै न्यायाधीश अच्युतप्रसाद भण्डारीको इजलासले २०७८ माघ ५ गते रिट निवेदन नै खारेज गरिदिएको थियो । उच्चले नगर र वडाविरुद्ध हालेको रिट खारेज गरेपछि रिखीदेवी र मालती सुखुको छोरी भएको प्रमाणित हुन सकेन । त्यसपछि रिखीदेवीले मैले दुबै आमाको पालनपोषण, शेषपछि काजक्रिया गरेको र उनीहरूको अंश हक खाने म एक मात्र हकवाल भएको भन्दै लालजित र सन्तको नाममा गएको जमिन आफ्नो नाममा ल्याउन माग दाबी गर्दै रूपन्देही जिल्ला अदालतमा २०७८ पुसमा मुद्दा हालिन् । सुखु मल्लाहको हुँदै नभएको दोस्रो श्रीमती फूलझडीको छोरी भएको दाबी गरेकी मालतीले पनि २०७८ फागुनमा बुवा सुखुको दुई श्रीमतीका आफू र रिखीदेवी छोरी रहेको भन्दै अंश नाममा गरिदिन माग दाबीसहित जिल्ला अदालतमा मुद्दा हालिन् ।

» बाँकी ३ पेजमा

# लुम्बिनी सरकारद्वारा विभिन्न निर्णय



बुटवल । लुम्बिनीका मुख्यमन्त्री चेतनारायण आचार्यको प्रेस संयोजकमा दाङका पत्रकार दशरथ घिमिरे नियुक्त भएका छन् । उनलाई मुख्यमन्त्री आचार्यले बिहीबार प्रेस संयोजकमा नियुक्त गरेका हुन् । यस्तै महान्यायाधिवक्तामा बुटवलका अधिवक्ता यमलाल खनाल नियुक्त भएका छन् । मुख्यमन्त्री आचार्यको सिफारिसमा प्रदेश प्रमुख कृष्णबहादुर घर्तीले खनाललाई नियुक्त गरेका हुन् । यसैबिच प्रदेश सरकारले पूर्वपदाधिकारीलाई दिँदै आएको सुविधा कटौती गर्ने निर्णय गरेको छ ।

बिहीबार बसेको लुम्बिनी मन्त्रिपरिषद्को बैठकले पूर्वमुख्यमन्त्री र पूर्वसभामुखलाई दिँदै आएको सुविधा खारेज गर्ने निर्णय गरेको सरकारका प्रवक्ता कृषि तथा भूमि व्यवस्था मन्त्री दिनेश पन्थीले जानकारी दिए ।

३१ भदौ २०७९ को प्रदेश मन्त्रिपरिषद् बैठकले पूर्वपदाधिकारीलाई सेवा सुविधा दिने निर्णय गरेको थियो । यो निर्णयका आधारमा पूर्वमुख्यमन्त्री तथा पूर्वसभामुखले सेवा सुविधा लिँदै आएका छन् ।

मितव्ययिता अपनाउन पूर्वपदाधिकारीलाई दिएको सेवा सुविधा फिर्ता गर्ने निर्णय गरिएको प्रवक्ता पन्थीले बताए । पूर्व पदाधिकारीले गाडी, इन्धन, मर्मत खर्च, चालक, पीएसओको सुविधा लिँदै आएका थिए ।

यस्तै प्रदेश सरकारले मन्त्रीहरुलाई आचारसंहिता लागु गर्ने निर्णय गरेको छ । बैठकले कर्मचारीको संगठन तथा व्यवस्थापन सर्वेक्षण पनि पारित गरेको छ । १२ जिल्लामा घरेलु तथा साना उद्योग कार्यालयलाई पर्यटन कार्यालयको समेत जिम्मेवारी दिने निर्णय पनि मन्त्रिपरिषद् बैठकले गरेको छ ।

# टिकटकको प्रतिबन्ध हट्यो




बुटवल । सरकारले सामाजिक सञ्जाल टिकटकमा लगाएको प्रतिबन्ध हटाएको छ ।

बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले टिकटकमा लगाएको प्रतिबन्ध फुकुवा गर्ने निर्णय गरेको सरकारका प्रवक्ता पृथ्वीसुब्बा गुरुङले जानकारी दिए ।

यसअघि पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारले २७ कात्तिक २०८० मा टिकटकमा प्रतिबन्ध लगाउने निर्णय गरेको थियो ।

# तिलोत्तमा लुम्बिनीमा उत्कृष्ट



बुटवल । स्थानीय तहको संस्थागत क्षमता स्वमूल्यांकनमा रुपन्देहीको तिलोत्तमा नगरपालिका लुम्बिनी प्रदेशका १०९ स्थानीय तहमध्ये उत्कृष्ट भएको छ ।

संघीय मामिला तथा प्रशासन मन्त्रालयले स्थानीय तहको कार्य प्रकृया र उपलब्धिको लेखाजोखा गरी शासकीय सुधार गर्न ल्याएको संस्थागत क्षमता स्वमूल्याङ्कनमा तिलोत्तमाले ९२ अंक प्राप्त गरी प्रदेशमा पहिलो र नेपालभरका ७५३ स्थानीय तहमध्ये दोस्रो भएको हो । आर्थिक वर्ष २०७९/०८० को मूल्याङ्कनमा धादिङको निलकण्ठ नगरपालिका पहिलो र चितवनको रत्ननगर नगरपालिका तेस्रो भएका छन् । उत्कृष्टमा छनोट भएका पालिकाका प्रमुख रामकृष्ण खाँणलगायतलाई संघीय मामिला तथा प्रशासन मन्त्री राजकुमार गुप्ता र सचिव भरतमणि सुवेदीले प्रशंसापत्र प्रदान गरेका छन् ।

जनप्रतिनिधि, कर्मचारी र सेवाग्राहीको सहकार्यले यसअघि सेवा प्रवाह र सामाजिक विकास विधाअन्तर्गत समावेशिता र सामाजिक क्रियाकलापमा देशभरमै उत्कृष्ट बनेकोमा यसपटक संस्थागत क्षमता स्वमूल्याङ्कनमा प्रदेशबाट उत्कृष्ट र नेपाल दोस्रो भएको नगरप्रमुख खाँणले बताए ।

# प्रहरीमा सेवा अवधिबारे अदालती आदेशको अन्तर्य

बुटवल । सर्वोच्च अदालतले ३० वर्षे सेवा अवधिका कारण प्रहरी अधिकारीलाई अवकाश नदिन अन्तरिम आदेश दिएको छ । अदालतको यो आदेशपछि प्रहरी र राज्यसंयन्त्रमा तरंग आएको छ ।

नेपाल प्रहरी र सशस्त्र प्रहरीमा विद्यमान ३० वर्षे सेवा अवधिका कारण अवकाश हुने व्यवस्था हटाउन आदेश दिएको १० वर्षसम्म पनि कार्यान्वयन नभएपछि सर्वोच्चले अन्तरिम आदेश दिँदै कार्यान्वयनमा लगिदिएको हो ।

सर्वोच्चका ५ जना न्यायाधीशको बृहत्पूर्ण इजलासले २०७१ मंसिर २० गते प्रहरी नियमावली, २०७१ का अनुसार, नोकरी अवधिको गणनाका विषयमा प्रत्यायोजित विधायन अर्थात् नियमावलीमा व्यवस्था गर्न नमिल्ने ठहर गर्दै कानुन प्रहरी ऐनमा आवश्यक व्यवस्था मिलाउन सरकारको नाममा निर्देशन दिएको थियो ।

८ महिनाअघि अर्को आदेश पनि सर्वोच्चबाटै भइसकेको छ । तर सर्वोच्चले निर्देशन दिएको १० वर्षसम्म पनि सरकारले नयाँ प्रहरी ऐन नबनाई पुरानै व्यवस्था कार्यान्वयन गरिरहेपछि सर्वोच्चले बिहीबार हटाइदिएको हो । सर्वोच्चको यो निर्णयले आगामी एक साताभित्र अवकाश हुन लागेका नेपाल प्रहरीका निरीक्षकदेखि प्रहरी नायब महानिरीक्षकसम्म ८९ जना अवकाश हुन रोकिएका छन् ।

सर्वोच्चले यी र यस्तै अवस्थाका प्रहरीको अवकाशका लागि दिइएको पत्र कार्यान्वयन नगर्न आदेश दिएपछि प्रहरी संगठनमा हलचल आएको छ । प्रहरी नियमावली संशोधनको बाटो नअपनाइ प्रहरी ऐनमा नै जो चाहिने आवश्यक व्यवस्था गर्ने गरी मिलाउनु भनी विपक्षी नेपाल सरकारको नाममा निर्देशनात्मक आदेश २०७० चैत २० मा सर्वोच्चबाट भएको थियो ।

प्रहरीमा पनि ३० वर्षे हटाउने सम्बन्धमा गठन भएका आयोगहरूले उक्त ३० वर्षे अवधी हटाउने सुझाव दिएका छन् । सेवा अवधिको ५० /५१ वर्षमै ७५ प्रतिशत पेन्सन लिई सेवा निवृत्त हुनु निवेदक र राज्य दुवैको हितमा नदेखिएको सर्वोच्चको ठहर छ ।

नेपाल जस्तो शक्ति पृथकीकरणको सिद्धान्तलाई संविधानमै अंगिकार गर्ने संविधानको सर्वोच्चता भएको देशमा सामान्यतया अदालत, कार्यपालिका र व्यवस्थापिकाको क्षेत्राधिकार भित्र प्रवेश गर्नु उपयुक्त नहुने सर्वोच्चले नै भनेको छ । तर दशकौंसम्म अदालतबाट भएका निर्देशनात्मक आदेशको निरन्तर उल्लंघन भइरहँदा अपवाद स्वरुप अदालतले कार्यपालिका र व्यवस्थापिकाले गर्नुपर्ने बाध्यात्मक कार्य नगरेको अवस्थामा विशेष आदेश जारी गर्न नसक्ने भन्ने नदेखिएको पनि इजलासको ठहर छ ।

प्रहरी किताबखानाले भदौ १६ गतेबाट अवकास हुने भनि प्रहरी निरीक्षकदेखि डीआइजीसम्म ८९ प्रहरीलाई अवकासको पत्र बुझाइसकेको थियो ।

**एआइजीदेखि इन्सपेक्टरसम्म ९० जना एकैपटक बिदा हुने पक्का**

न्यायाधीश फुयाँलको एकल इजलासले प्रहरी नियमावलीको नियम १२७ (घ) बमोजिमको ३० वर्षे अवधिको आधारमा सेवाबाट अवकास हुने भनि दिइएका पत्राचारहरू हाललाई कार्यान्वयन नगर्नू/नगराउनू र त्यस्तो आधारमा कसैलाई कुनै पत्राचार नगर्नु/नगराउनु भनि सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ ९२० (क) बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ ।

निजहरूको पदीय जिम्मेवारीमा परिवर्तन नगर्नु/नगराउनु र प्रहरी किताबखानामा यस सम्बन्धमा आवश्यक व्यवस्था मिलाउन पनि विपक्षीका नाममा आदेश दिएको छ । यसअघि सर्वोच्चको बृहत पूर्ण इजलासका निर्देशनात्मक आदेशहरू किन कार्यान्वयन नभएको हो र यस सम्बन्धमा संविधानको धारा १२ बमोजिम कारबाही किन चलाउनु नपर्ने हो भनी विपक्षीहरूलाई १५ दिनभित्रमा छुट्टा छुट्टै जवाफ पनि सर्वोच्चले माग गरेको छ ।

यो विषयको निरुपण छिटो गर्नु पर्ने देखिएकाले अर्को पेसी असोज १० गतेलाई तोकिएको छ । तर उक्त पेसअघि नै रिट निवेदकहरूको जागिर भने थपिइसक्ने छन् ।




# सम्पादकीय

## डीपीआरमा खेलाँची

नेपालीमा एउटा उखान प्रचलित छ-'कामकुरो एकातिर कुम्लो बोकी ठिमीतिर ।' यसको अर्थ हो, काम गर्नुपर्ने एकातिर छ, तर काम गर्नेले अर्कैतिर गर्दैछ । एकातिर काम अर्कोतिर ध्यान भएपछि कसरी काम हुन्छ ? अहिले कतिपय स्थानीय तहले केही काम गर्ने प्रयास गरिरहेका छन्, त्यसलाई सकारात्मक मान्नुपर्छ तर कतिपय स्थानीय तहको ध्यान अर्कैतिर छ, जबकि त्यो काम गर्न सक्ने न त सार्मथ्य छ, न स्रोत ।

प्यूठानको मल्लरानी गाउँपालिकाले आर्थिक वर्ष २०७९/०८० मा विभिन्न आयोजनाको विस्तृत गुरुयोजना प्रतिवेदन तयार गर्न ३४ लाख रुपैयाँ खर्च गरेछ । जसमध्ये मोटरबाटोको डीपीआरका लागि ११ लाख १० हजार ७५ रुपैयाँ, माटेचौरको डीपीआरका लागि ८ लाख ५४ हजार र प्रशासनिक भवन निर्माणको डीपीआर बनाउन ३४ लाख ५१ हजार रुपैयाँ खर्च भएको छ । कुनै आयोजनाको लागत, सम्पन्न गर्न लाग्ने समय, गर्ने कामलगायत आयोजनासम्बन्धी विस्तृत विवरण नै विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) हो । आयोजना सम्पन्न गर्नका लागि बनाइने डीपीआर अहिले बनाउने लहड चलेको छ, जुन लहडमा स्थानीय तह परेका छन् । स्थानीय तहले ठूलो धनराशी खर्च गरेर आयोजना सम्पन्न गर्न सक्ने हैसियत छैन । सेवा प्रवाहको केन्द्र स्थानीय तह नागरिकसँग प्रत्यक्ष जोडिएको छ, नागरिकका गुनासा र समस्या सुन्ने सरकार नागरिकको घरदैलोमा छ । तर विकास पूर्वाधारका काम गर्ने स्रोतका लागि स्थानीय तह संघीय र प्रदेश सरकारको भर पर्नुपर्ने बाध्यता छ । स्रोतको अभावमा अन्य सरकारसँग भर पर्नुपर्ने सरकारले मनपरी डीपीआर बनाउनु राज्य स्रोतको दोहन हो ।

स्थानीय तहले बनाएको डीपीआर अरु सरकारले स्वीकार गरी बजेट विनियोजन गर्ने भए त ठीकै पनि होला, तर स्थानीय तहको डीपीआरप्रति प्रदेश र संघीय सरकारले प्रश्न उठाइरहेका छन्, उनीहरुले बजेट लगानी गर्दा आफ्नै ढंगले डीपीआर बनाएर काम गर्दै आएका छन् । स्थानीय तहको स्रोतले भ्याउने डीपीआरप्रति प्रदेश र संघीय सरकारको भरोसा नहुनु स्वाभाविकै पनि हो, किनकि कामको गुणस्तरप्रति जवाफदेही हुनुपर्ने निकायले ढुक्क हुन खोज्छ । स्थानीय तह अझैं संस्थागत ढंगले बलियो हुन नसकिरहेको बेला र स्रोतको अभाव कायमै रहेको बेला मनपरी डीपीआर बनाउने मेलोमेसोतिर नलाग्नु नै उत्तम हो ।

मल्लरानीले झैं हरेक वर्ष स्थानीय तहले यसैगरी डीपीआर बनाइरहेका छन् । अरु सरकारले स्वीकार नगर्ने र आफ्नो स्रोतले गर्न नसक्ने कामको डीपीआर बनाएर राज्य स्रोतको दोहन बन्द हुनुपर्छ । प्रदेश र संघीय सरकारको विभिन्न अनुदानमा टिकेका स्थानीय तहलाई स्रोतको दोहन रोक्न संघीय सरकारले पहलकदमी लिनु राम्रो हुनेछ ।

# टीआरसी विधेयकले प्रचण्डलाई राहत



विन बहादुर कुँवर

*भ्रष्टाचार र लुटतन्त्र बढ्दो छ । जनतामा निराशा छाएको छ । गणतन्त्र र लोकतन्त्र परिवारतन्त्र अनि गुण्डा र घनतन्त्रमा बदलिएको छ । राष्ट्र र जनघात बढ्दो छ । यस्तो अवस्थामा एक झिल्को आगोले पुरै जंगल सखाप पारेजस्तै एउटा सानो विद्रोहको झिल्काले देशलाई जता पनि डोराउन सक्छ । निराशा होइन आशा अनि निरुत्साही होइन उत्साहित, कायर होइन, निडर भई बसौं । खाली एउटा सानो विद्रोहको झिल्का कोर्न मात्रै बाँकी छ । हिम्मत गर्ने आट मात्र गरौं । उदाहरण हालै बंगाला देशमा देखिएको उथलपुथलको छ ।*

१० वर्षे माओवादी जनयुद्धको अन्त्यपछि २०६४ सालदेखि छलफल र चर्चा हुँदै आएको सत्य निरुपण तथा मेलमिलाप अर्थात् टीआरसी अन्तर्गतको विधेयकलाई अहिले व्यवस्थापिकाका दुवै सदन प्रतिनिधि तथा राष्ट्रियसभाबाट पारित भइसकेको छ । निरुपण आयोगको निर्माणपछि अब १० वर्षे माओवादी जनयुद्ध र यसबाट सृजित द्वन्द्व पीडितहरुको पीरमर्का समस्या अनि क्षतिपूर्तिको न्यायोचित छानविन गरी गरिने यो सत्य निरुपण तथा मेलमिलापसम्बन्धी पारित विधेयकबाट केहीलाई राहत मिलेको छ । पहिलो सबभन्दा ठूलो राहत त १० वर्षे माओवादी जनयुद्धका नायक तर अहिलेका खलनायक पुष्पकमल दाहाल प्रचण्डलाई भएको छ । त्यसपछि क्रमशः माओवादीका अरु नेता, कांग्रेसी नेता शेरबहादुर साथै तत्कालीन राजा ज्ञानेन्द्रसहितका केही तत्कालीन शाही सेनाका कमाण्ड अफिसरहरुलाई बढी भएको छ । किनकि यो १० वर्षे द्वन्द्वमा सत्ताधारीको तर्फबाट नेपाली कांग्रेस अनि पछिल्लो कालमा राजा ज्ञानेन्द्र जोडिएका छन् भने समग्रमा माओवादीका तर्फबाट तत्कालीन माओवादी अध्यक्ष प्रचण्ड नै यसमा मुछिएका छन् र यसको जिम्मेवारी पनि लिइसकेका छन् । तर द्वन्द्व पीडित खासगरी माओवादीको नाममा भए गरेको हत्या, हिंसा, बलात्कार र बेपत्ता लगायत अन्य शारीरिक तथा मानसिक पीडकहरुको लागि भने यो हात्ती आयो फुस्सा भने जस्तै हुने बुझिन्छ ।

यो द्वन्द्व पीडितहरुको निरुपण र मेलमिलापका लागि पटकपटक विभिन्न खाले आयोग बने । तर आजसम्म ती आयोगहरुबाट त्यसको समाधान र निरुपणको लागि खासै त्यस्तो काम हुन सकेन । त्यो क्रममा एकले अर्कालाई अर्थात् सत्तापक्षले माओवादीलाई र माओवादीले सत्ताधारीहरुले यसको जिम्मा लिनुपर्ने आरोप प्रत्यारोप मात्रै लगाउने काम भयो । सत्तापक्ष भन्नाले त्यो अवधिमा सरकारमा रही काम गर्दै आएका संसदीय दल त्यसमा खासगरी नेपाली कांग्रेस अनि एमाले र पछि राजा ज्ञानेन्द्र यसमा जोडिएका छन् । विद्रोही पक्षबाट तत्कालीन माओवादी खासगरी हालको माओवादी केन्द्र जिम्मेवारी छ । त्यो दश वर्षे युद्धमा १७ हजारभन्दा बढीको हत्या र कैयौं बेपत्ता पारिएको थियो । यसमा एकले अर्कालाई दोषारोपण र जिम्मेवारी लगाउँदै आएका छन् ।

यसै क्रममा माओवादी अध्यक्ष प्रचण्डले यी मध्ये ५ हजारको जिम्मेवारी आफूले लिने बताएका थिए । अरुको भने कसैले पनि यसरी जिम्मा लिएको स्थिति छैन । यसमा प्रचण्डको आसय अरु १२ हजारको जिम्मेवारी कांग्रेस-एमाले र राजा ज्ञानेन्द्रले लिनुपर्छ भन्ने हो । तर यसमा कांग्रेस-एमाले र ज्ञानेन्द्रले कुनै मुख नखोली बसेकाले अहिले नै उनीहरुलाई यसरी अपराधी नै हुन भन्न नसकिने भनाइ केहीको छ । केही मानव अधिकारवादी संघ संस्थाहरुले प्रचण्ड स्वयंले ५ हजार व्यक्तिको हत्याको जिम्मेवारी लिइसकेकाले उनलाई तत्काल यसको अभियोग लगाई अदालतमा मुद्दा चलाई हाल्नुपर्छ भन्ने पनि गरिरहेका छन् । यस्तो अवस्थामा केही ढिलै भए पनि यो सदनबाट यस्तो विधेयक पारित हुनु सर्वप्रथम प्रचण्डका लागि ठूलो राहत मिलेको छ । सम्भवतः उक्त दिन प्रचण्डलाई रातमा लामो निद्र लागेको हुनुपर्दछ । नत्र भने पहिलेका रातहरुमा यसले उनलाई सदा झस्काई निद हराम पार्ने गरिरहेको थियो ।

यसका लागि पहिलो श्रेय प्रम केपी ओलीलाई जान्छ । हुनतः कतिपय विदेशी राजदूतहरुले यसमा प्रचण्डलाई धन्यवाद र बधाई दिई पनि रहेका छन् । वास्तवमा यो कामको लागि दिइएको त्यो होइन बधाई त प्रचण्डको अब उनको जीवन रक्षा भएकोले हो । नत्र भने कुनै दिन प्रचण्डलाई यो अपराधमा मुद्दा चलाई जे पनि हुन सक्थ्यो । बेला मौकामा कतिपय विदेशी मानव अधिकारवादी संघसंस्थाहरुले प्रचण्डलाई यसमा अन्तर्राष्ट्रिय फौजदारी अदालत हेगमा पुऱ्याउनु पर्ने भन्ने पनि गरिरहेका छन् । स्वयं कतिपय नेपालका संघसंस्थाहरुले पनि त्यो भन्दै आइरहेका छन् । खुद एमाले अध्यक्ष ओलीले पनि प्रचण्डलाई धम्काउन कहिले काही यो प्रश्न उठाउने गरेका थिए । प्रम ओलीप्रतिको प्रचण्डको अहिलेको आक्रोश एउटा यो पनि हो । तर उल्टो ओलीले प्रचण्डकै पक्षमा यो विधेयक सदनबाट पारित गराईछाडे । यस अर्थमा प्रम ओली प्रचण्डका लागि जीवन दाता भगवान जस्तै बनेका छन् । कहीं ओली यमराज नै हुने हुन कि भनी सोचेका प्रचण्डका लागि के खोज्छस् आँखो भने जस्तै भएको छ । त्यसैले अब प्रचण्डले इमानदारिताका साथ भन्नै पर्ने हुन्छ यसको जस अनि बधाई मलाई होइन प्रम ओलीलाई दिनुपर्दछ । जीवन दाता क. ओली-जिन्दावाद ।

अहिले प्रचण्ड प्रम ओलीको विरोधमा जतिसुकै निम्नस्तरमा देखिदै आए पनि ओलीले प्रचण्डलाई भने गुन लगाउन थालेका छन् । यो टीआरसी विधेयक सदनबाट पारित गराई बैगुनीलाई गुनले मार्ने काम ओलीबाट भएको छ । यति मात्रै होइन अब प्रम ओलीले प्रचण्डलाई राष्ट्रपति नै बनाउनमा प्रयत्नशील छन् । अबको मिसन चौरासी विभिन्न वाम एक ठाम । प्रचण्ड राष्ट्रपति अनि ओली प्रधानमन्त्री बन्ने छन् । प्रचण्ड ओलीका विरुद्ध जतिसुकै बहकिदै हिडे पनि ओली अहिले संयम छन् । पहिलेदेखि नै दम्भ, घमण्ड, निम्छारो गाली गलौज अनि उखान टुक्का सबै अहिले कम हुँदै गएको छ । बल्ल एउटा खास राष्ट्रको सभ्य प्रधानमन्त्री भए जस्तो देखिएका छन् । कुरा थोरै काम धेरै गर्न खोजे जस्तो छ । बाहिर बाहिर ओली-प्रचण्ड बाजे जस्तो देखिने तर भित्रभित्रै मिसन चौरासीका लागि प्रचण्ड सडकमा र एमाले सदन र सरकारमा सक्रिय हुने अप्रत्यक्ष आपसी एकता भएजस्तै देखिन थालेको छ । अन्ततः विभिन्न वाम एक ठाम हुने सम्भावना बढेर गएको छ । हुन पनि यस्ता गैर क्रान्तिकारी र संसदवादी वामहरु अनेक खाले गुट-उपगुट अनि बेग्ला बेग्लै चुलाचौका बनाई बस्ने आवश्यकता नै छैन । प्रचण्ड, माधव-झलनाथ आदि अहिले जतिसुकै मच्चिकदै हिडे पनि अन्ततः एमालेकै शरणमा जानुको अर्को विकल्प नै छैन । संसदीय वाम गुरुत्व बढी एमालेतिरै छ । अहिले चर्चामा ल्याए जस्तै देशमा संसद्वादी वाम दल एक अनि संसदवादी लोक दल यी दुवैको विकल्पमा क्रान्तिकारी माओवादी कम्युनिष्ट पार्टी एक हुनको अर्को विकल्प नै देखिन्न । हाँस हाँसको बथानतिर भने बकुला बकुलाको बथानतिर जानु स्वाभाविक नै हुन्छ ।

आजको मूल विषय टीआरसी विधेयक कै कुरा हो । यसबाट कांग्रेस-एमाले हौसिएका छन् । जस सबै यिनीहरुलाई बढी छ । माओवादीका लागि त दूध-भात, सुनमाथि सुगन्ध नै भएको छ । तर खास द्वन्द्व पीडितहरुलाई भने यसले झन् पीडा थप्ने स्थिति देखिंदैछ । पीडकहरु बीचको एकता र राहत तर पीडितहरुलाई आहात पार्ने देखिंदैछ । हालै मात्र क्रान्तिकारी माओवादी पार्टीका नेता क. मोहन वैद्य 'किरण' ले एक वक्तव्य प्रकाशित गर्दै यसप्रति विभिन्न आशंका व्यक्त गरेका छन् । मूल द्वन्द्व पीडित शक्ति त्यो पार्टी पनि हो । प्रचण्ड-बाबुरामको आत्मसमर्पणलाई अस्वीकार मात्रै होइन त्यसको विरोधमा विद्रोह नै गरी अलग भएको त्यो पार्टीलाई बेवास्ता गरेर पारित गरिएको त्यो प्रस्तावप्रति उनीहरुको गम्भीर आपत्ति छ । हुन पनि हिजो क्याप्टेनमेन्टका माओवादी लडाकुहरुलाई विनासर्त पूर्व शाही सेनामा हुल्ने प्रचण्ड-बाबुरामको आत्मसमर्पणका विरुद्ध छुट्टै माओवादी लडाकुहरुको व्यवस्थापन गरेको उक्त पार्टीले यस प्रकारको कथित सत्य निरुपण र मेलमिलापलाई समर्थन गर्ने कुरा नै आउँदैन । मुख्य कुरा आजको यो मेलमिलाप किन र केका लागि ? भन्ने हो । यो सबैलाई थाहा नै छ कि हिजोका माओवादी आत्मसमर्पणवादी गद्दार प्रचण्ड-बाबुराम गुट र हिजोका शाही दलाल देउवा-ओली अनि ज्ञानेन्द्रबिचकै एकता मेलमिलाप छ, यसमा । यसले पीडित पक्षको ओभाएको आलो घाउमा झन् नुन, चुक छर्कने काम गरेको पीडितहरुको आवाज यस्तै छ ।

माओवादी जनयुद्ध कुनै रहर र उटपटयाङ्को खेल थिएन । यो त त्यो बेलाको देश र जनताको वस्तुगत आवश्यकता थियो । त्यही आवश्यकतालाई जनयुद्धले १० वर्षसम्म निरन्तरता दिने महत्वपूर्ण काम गऱ्यो । तर पछि यसको मूल नेतृत्वले गद्दारी गर्दा यसको अवसान हुन पुग्यो । वास्तवमा यो जनयुद्धको अन्त्य र अवसान थिएन र छैन पनि । यथार्थमा यसको अन्त्य र अवसान तत्कालीन माओवादी पार्टी नेतृत्वको मूल नेतृत्व प्रचण्ड- बाबुराम र बादलहरुको थियो । पछि अहिले नेकपा विप्लवलगायत अरु केही गुट-उपगुटहरुको अन्त्य र अवसान मात्र हो । नत्र भने अहिले पनि त्यसको लागि अर्थात् १० वर्षे माओवादी जनयुद्धको पुनर्स्थापनाका लागि क्रान्तिकारी माओवादीहरु लगातार सक्रिय भइरहेका छन् । निश्चय नै कुनै दिन यो देशमा २०५२ साल फागुन १ जस्तै पुनः माओवादी जन विद्रोहको उद्घोष भइ छाड्ने छ ।

अन्त्यमा वर्तमान यो प्रतिक्रियावादी राज्य सत्ताले यस्तै अनेक थरी बहानाबाजी गर्दै यस्ता जे जति आयोग बनाई समस्या समाधान भएको घोषणा गरे पनि खासमा विद्रोह गर्ने जस्ताको अधिकार हो । विद्रोह रोकिनेवाला छैन । १० वर्षे माओवादी जनयुद्ध पनि यस्तै एउटा विद्रोहको ज्वाला थियो । यसलाई निमिट्यान्न पार्न हिजो गिरिजा-देउवा-माधव-ओली साथै शाही ज्ञानेन्द्रले ठूलो प्रयत्न गरेकै हुन् । हजारौंको हत्या र हिंसा भयो । यिनीहरुको केही लागेन । अन्ततः यी सबैको अन्तर्राष्ट्रिय हार गुहारमा अमेरिकी साम्राराज्यवाद र भारतीय विस्तारवादद्वारा आयोजित १२ बुँदे दिल्ली समझदारी पत्र मार्फत प्रचण्ड-बाबुरामलाई आत्मसमर्पण गराई यसको विसर्जन गराउने काम भयो । तर यो विद्रोहको झिल्को अझै पनि निभेको छैन र निभाउन सक्ने स्थिति पनि छैन । देशमा चारैतिर अत्याय, अत्याचार, भ्रष्टाचार र लुटतन्त्र बढ्दो छ । जनतामा निराशा छाएको छ । गणतन्त्र र लोकतन्त्र परिवारतन्त्र अनि गुण्डा र घनतन्त्रमा बदलिएको छ । राष्ट्र र जनघात बढ्दो छ । यस्तो अवस्थामा एक झिल्को आगोले पुरै जंगल सखाप पारेजस्तै एउटा सानो विद्रोहको झिल्काले देशलाई जता पनि डोराउन सक्छ । निराशा होइन आशा अनि निरुत्साही होइन उत्साहित, कायर होइन, निडर भई बसौं । खाली एउटा सानो विद्रोहको झिल्का कोर्न मात्रै बाँकी छ । हिम्मत गर्ने आट मात्र गरौं । उदाहरण हालै बंगाला देशमा देखिएको उथलपुथलको छ ।

# नेप्से परिसूचकमा सामान्य वृद्धि, १९ अर्बको कारोबार



काठमाडौँ । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बिहीबार सामान्य अङ्कले उकालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक छ दशमलव शून्य एक अङ्कले उकालो लागेर दुई हजार नौ सय ७४ दशमलव ४६ मा पुगेको छ ।

कारोबार भएका कूल १३ उपसमूहमध्ये छ उपसमूहको शेयर मूल्यमा गिरावट आउँदा सात उपसमूहको शेयर मूल्य भने बढेको छ । ठूला कम्पनीको कारोबार मापक सेन्सेटिभ परिसूचक तीन दशमलव ७५ अङ्कले उकालो लागेर पाँच सय ३३ दशमलव ८६ मा पुगेको छ ।

कूल चार करोड नौ लाख ५१ हजार सात सय २० कित्ता शेयर रु १९ अर्ब १६ करोड छ लाख ५२ हजार ८५ मूल्यमा खरिद बिक्री भएका छन् । नेप्सेका अनुसार तारागाउँ रिजेन्सी होटल, नारायणी डेभलपमेन्ट बैंक, ज्योति विकास बैंक, कर्पोरेट डेभलपमेन्ट बैंक, सिन्धु विकास बैंक, सप्तकोशी डेभलपमेन्ट बैंक, थ्री स्टार हाइड्रोपावरको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ ।

त्यस्तै, एसबिएल डिवेञ्चर १०, एनबिबिएल डिवेञ्चर तीन दशमलव ९५, बोटलर्स नेपाल बालाजु तीन दशमलव ९२, राष्ट्रिय बिमा कम्पनी तीन दशमलव ७३ र सगरमाथा जलविद्युत् कम्पनीका लगानीकर्ताले तीन दशमलव ७३ प्रतिशतले गुमाएका छन् ।

# सुनाइको समस्या भएका शिशुले बोल्न सक्दैनन्, कसरी पहिचान गर्ने ?



शिशुले जे सुन्छ, त्यही बोल्छ । यति तपाईंको शिशुले सुन्न सक्दैन भने पछि गएर बोल्न पनि सक्दैन । यो समस्या सामान्य तथा आमाबुवा वा अभिभावकलाई शिशु दुई/तीन वर्षको भएपछि मात्र थाहा हुन्छ । साधारण जन्मेका शिशुमा पनि सुनाइ (श्रवण)को समस्या हुनसक्छ ।

तथ्यांकअनुसार उच्च जोखिममा भएका ५ प्रतिशत शिशुलाई नसामा समस्या हुँदा सुनाइमा ह्रास आउँछ । ५० प्रतिशत सुनाइको नसामा समस्या भइ सुनाइ ह्रास भएका शिशुमा कुनै पनि जोखिमका कारकहरू भने देखिएका छैनन् । कानको सुनाइ २५ डिसेबलसम्म नर्मल हुन्छ । योभन्दा बढ्दै गएमा श्रवण क्षमता कम मानिन्छ । शिशु अवस्थामा समस्या सहजै पत्ता लगाउन सकिंदैन । त्यसैले शिशुको श्रवण जाँच आवश्यक हुन्छ ।

**शिशुको श्रवण जाँच भनेको के हो ?**

शिशुको कानभित्र विभिन्न उपकरण, तार राखेर दुखाइ महसुस नगरेरै गरिने जाँचलाई शिशु सुनुवाइ स्वास्थ्य जाँच भनिन्छ । हाडनाताबाट जन्मिएका शिशु, शिशुको आमाबुवामध्ये कसैको बाल्यकालदेखि नै श्रवण समस्या वा वंशाणुगत समस्या भएमा, गर्भमा रहँदा आमालाई कुनै संक्रमण (टक्सो पलाज्मा, रुवेला, ठेउला, हर्पिस जुस्टर) जस्ता जटिल रोग लागेमा, ३७ हप्ता नपुगी जन्मेको शिशु (प्रिटम बेबी)मा सुनाइको समस्या देखिने जोखिम धेरै हुन्छ ।

जन्मिदा शिशुको तौल २.५ किलो ग्रामभन्दा कम भएमा, शिशुको टाउको वा अनुहार असामान्य भएमा, शिशु जन्मिने बित्तिकै नरोएमा, जन्मेपछि शिशुलाई कमलपित्त भएमा, यसका कारण रगत चढाउनु परेमा वा फोटो थेरापी दिनु परेमा, शिशुलाई मेनेन्जाइटिस, दादुरा, हाणे जस्ता रोग लागेमा, जन्मेपछि शिशुलाई सघन उपचार कक्षमा राखी उपचार गर्नु परेमा सुनाइको समस्या हुनसक्छ ।

माथि उल्लेखित समस्याका कारण शिशुको श्रवण क्षमतामा असर पुग्ने जोखिम हुन्छ । त्यसैले आफ्नो शिशुमा यस्ता खाले समस्या देखिएमा सामान्य रुपमा लिनु हुँदैन । नजिकैको स्वास्थ्य संस्था वा डाक्टरको परामर्श लिनुपर्छ । डाक्टरको परामर्श विना पनि कुनै औषधि चलाउनु हुँदैन । किनकि त्यसले शिशुमा थप असर गर्ने जोखिम रहन्छ ।

**जाँच किन आवश्यक छ ?**

सुनाइको समस्या शिशु अवस्थामा नै पत्ता लगाउन सकेमा अन्य शिशु सरह नै बोल्न र सुन्न सक्ने बनाउन सकिन्छ । सानै उमेरमा कानको सुनाइ ठीक भएमा मात्रै बोल्ने क्षमताको पनि विकास राम्ररी हुने, स्मरण शक्ति बढ्ने हुँदा शिशुको सुनाइ स्वास्थ्य जाँच अति आवश्यक हुन्छ ।

शिशु मात्र नभएर अन्य व्यक्तिमा पनि तीन कारणले श्रवण समस्याको जोखिम रहन्छ । कानको बाहिरी र मध्ये भागमा संक्रमण आएमा हुने श्रवण ह्रास (कन्डक्टिभ हेयरिङ लस) जस्तो- जालीमा संक्रमण, जालीमा प्वाल, ढुसी पलाउँदा, अत्यधिक कानमा फोहोर वा कानेगुजी जम्मा हुनुलगायत कारणले श्रवण क्षमता ह्रास हुन्छ । भित्री कानको नसा सुक्दै गएमा पनि श्रवण क्षमतामा ह्रास आउँछ । यसलाई सेन्सोन्यूरल हेयरिङ लस भनिन्छ ।

बाहिरी, मध्य र भित्री कानमा समस्या आउँदा श्रवण क्षमतामा ह्रास देखिन्छ । यस्तो खाले समस्यालाई मिक्स्ड हेयरिङ लस भनिन्छ । यस्ता कुनै समस्या देखिए बेवास्ता गर्नु हुँदैन ।

*(पाण्डे भक्तपुर लोकन्थलीस्थित बीपी आई फाउन्डेसन, चियर्स अस्पतालमा इयर हेल्थ वर्करको रुपमा कार्यरत छन् ।)*

दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक
रु.जि.हु.द.न.१३/०६३/०६४
२०८१ भदौ ०७, गते शुक्रबार
Friday Aug.23, 2024
न.प.जि.प्र.का.द.न.४/०४५/०४६


# न्यू होराइजनद्वारा भलिबल खेलाडीलाई सम्मान

बुटवल । अन्तर्राष्ट्रियस्तरको पुरुष भलिबल प्रतियोगिता खेल्न छनोट भएका खेलाडीलाई न्यू होराइजन मावि बुटवल र न्यू होराइजन स्पोर्टस् क्लबले खेल सामग्री प्रदान गर्दै सम्मान गरेको छ ।

सेन्ट्रल एशियन भलिबल एशोसिएसन (काभा)को आयोजनामा आगामी अक्टोबरको पहिलो साता श्रीलंकामा हुने प्रतियोगितामा छनोट भएका १८ जना खेलाडीमा न्यू होराइजन माविका तीनजना विद्यार्थी परेका छन् । न्यू होराइजनका विद्यार्थीहरु सूर्य विक, सागर रसौली र लेशमन राहाडीमगरसहित रुपन्देहीका दीपेश कुँवर, गुल्मीका सौरभ फुजाली र पाल्पाका रेशम विक तथा भलिबल प्रशिक्षकहरु नरेन्द्र सारुमगर र उदयबम मल्ललाई पनि सम्मान गरिएको हो । विद्यालयका प्राचार्य लोकनाथ उपाध्याय, उपप्राचार्यहरु बालकृष्ण भण्डारी र बासुदेव अर्याल, न्यू होराइजन स्पोर्टस् क्लबका अध्यक्ष चेतन ठकुरी , उपाध्यक्ष एवं विद्यालयका अतिरिक्त क्रियाकलाप प्रमुख बालकृष्ण बस्याल, मिलन राना, गुल्मी जिल्ला भलिबल संघका अध्यक्ष राजन कुँवरलगायतले खेलाडीहरुलाई सम्मान गरेका हुन् । सो अवसरमा खेलाडीहरुलाई खेल खेल्न सहज होस् भनेर जुत्ता र ट्र्याकसुट प्रदान गरिएको थियो । १८ जनाबिचमा एक महिनासम्म चल्ने बन्द प्रशिक्षणबाट उत्कृष्ट १२ खेलाडी छनोट हुने छन् ।

खेलाडीलाई सम्मान गर्दै न्यू होराइजन माविका प्राचार्य लोकनाथ उपाध्यायले गुणस्तरीय शिक्षामा करिब चार दशकदेखि कटिबद्ध देशकै अग्रणी संस्था भएकाले संस्थाले खेलकुदको विकासमा पनि उत्तिकै लगानी र योगदान गरेको बताए । सोहीअनुसार अन्तर्राष्ट्रियस्तरको प्रतियोगितामा छनोट भएका खेलाडीको हौसला र प्रोत्साहनका लागि सम्मान गरिएको उनले जनाए ।

जिल्ला भलिबल संघ गुल्मीको समेत सहकार्यमा भएको सो कार्यक्रममा खेलाडी दिपेश कुँवर, रेफ्री कमिस्नर बुद्धि बस्याल, विद्यालयका खेलकुद तथा अनुशासन काउन्सीलर मिलन रानालगायतले बोल्दै खेलाडीको प्रोत्साहनका लागि सबै क्षेत्रको साथ आवश्यक हुनेमा जोड दिएका थिए ।

**नक्कली...**

'मुद्दा चलिरहेकै बखत उनीहरूले वडा नम्बर ६ का वडाध्यक्ष वीरेन्द्र श्रीवास्तवले झुठा विवरण दिन नमानेपछि वडा सचिव विनोद कर्णमार्फत् सेटिङ मिलाएर मिलेमतोमा वडा नं. ६ बाट काका सुखुको मृत्युदर्ता प्रमाण निकालेका थिए', लालजित भन्छन्- 'त्यसअघि नै हामीले काका सुखुको मृत्युदर्ता कसैलाई पनि नदिनु भनेर निवेदन पनि दिएका थियौं । तर वडासचिव कर्णले छोरी भनेर मृत्युदर्ता दिए ।'

रिखीदेवी र मालतीले नागरिकता बनाउँदा बुवाको नाम सुखु मल्लाह राखेर श्रीमानको सनाखतमा नागरिक बनाएका छन् । उनीहरू आफ्नो ठूलीआमाको बुहारी नन्दनी मल्लाहको बहिनी भएको दाबी पीडितको छ । 'उनीहरू दुवैजना हाम्रो भाउजुको बहिनीहरू हुन् । भाउजुको नागरिकता बैबाहिक अंगिकृत छ । तर, उनीहरूले हाम्रो काकाको नाम राखेर बंशजको निकाले ।'- लालजितले भने ।

अदालतमा मुद्दा परेपछि लालजित र सन्तले जिल्ला प्रशासनमा मालती र रिखीदेवीको नागरिकता खारेजी माग गर्दै मुद्दा दिएका थिए । तर, प्रशासनले जाँचबुझ गरेन् । उनीहरूको नागरिकता मगाएर अनुसन्धानका लागि भनेर राखेको थियो । तर, सिद्धार्थनगरका नगर प्रमुख इश्तियाक अहमद खाँ र मायादेवी गाउँपालिका-३ का वडाध्यक्ष मोहम्मद रफिक खाँनको रोहबरमा फिर्ता गरियो । प्रशासनले रिखीदेवी र मालतीको नागरिकताबारे सर्जमिन भने गरेको देखिन्छ । तर, सिद्धार्थनगर-६ मा सर्जमिन गर्नुपर्नेमा मिलेमतोमा वडा नम्बर ८ मा सर्जमिन गरियो । 'सिद्धार्थनगरका नगर प्रमुख इश्तियाक अहम्मद खाँ, वडा नम्बर ८ का वडाध्यक्ष राजनजंग राणा, तत्कालीन रूपन्देहीका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डे, सिद्धार्थनगर वडा नम्बर ६ का वडा सचिव विनोद कर्णलगायत प्रहरीसमेतको मिलेमतोमा नगरपालिकाको कार्यालयमा बसेर सर्जमिन गरियो र उक्त सर्जमिन वडा नम्बर ८ मा गरेको भनियो', सन्तले भने-'जुन सर्जमिनमा रिखीदेवी र मालती सुखु मल्लाहको छोरी हुन् भनिएको छ ।'

यो बिचमा प्रशासनले अदालतले मागेअनुसार कागजात पठाएन । मिलेमतोमा तत्कालीन प्रमुख जिल्ला अधिकारी भरतमणि पणडेले रिखीदेवी र मालतीविरुद्धको नागरिकता छानविनको निवेदन तामेलीमा राखेको आरोप पीडितको छ । 'अदालतले मागेको कागज नपठाई सम्बन्धित वडामा सर्जमिन नगरी फरक ठाउँमा सर्जमिन गरेर कागजात पठाउँदा रूपन्देही जिल्ला अदालतका न्यायाधीश उमेश कोइरालाको इजालासले २०८० भदौ २६ गते फैसला गर्दै निसन्तान हाम्रा काका सुखुको सम्पत्ती नक्कली छोरीहरू रिखीदेवी र मालतीको नाममा जाने फैसला गरेको हो ।'-पीडित सन्त र लालजित भन्छन् । फैसला अनुसार जग्गा रिखीदेवी र मालतीको नाममा गए सिद्धार्थनगर, सियारी र ओसतियाको करिब १८ कट्ठा र घर गरी साढे दुई करोड बराबरको जमिन जान्छ । तर, यो बिचमा रिखीदेवी र मालतीको नागरिताको कुनै परीक्षण भएन । जबकी मालती र सुखुको उमेर जम्मा ६ वर्षको फरक छ । अहिले फेरि जिल्ला प्रशासनले रिखीदेवी र मालतीविरुद्ध अर्को निवेदन लिएर नागरिकता बारे अनुसन्धान गरिरहेको छ ।

'पहिला पनि सर्जमिन भएको रहेछ, पीडितहरूले पुनः तामेली जगाउन भन्दै निवेदन दिनुभयो, यसबारे हामीले बुझ्यौं र दर्ता गर्यौं', रूपन्देहीका प्रमुख जिल्ला अधिकारी गाणेश अर्यालले भने-'त्यसपछि पुनः प्रहरीमार्फत् वडा कार्यालयमा गएर सम्बन्धित ठाउँमा सर्जमिन गरेर आएको छ । अहिले अनुसन्धान हुँदैछ ।' उनका अनुसार केही तथ्यहरू र कागजात फेला परेपछि रिखीदेवी र मालतीको नागरिकताबारे अनुसन्धान सुरु गरिएको हो । प्रजिअ अर्यालले सर्जमिन गर्दा सन्देहास्पद भेटिएको स्वीकार गरे ।

स्रोतका अनुसार हाल प्रशासनले पुनः प्रहरी मार्फत् सम्बन्धित वडा सिद्धार्थनगर नगरपालिका-६ मा गएर सर्जमिन गर्दा सुखु मल्लाहको कुनै सन्तान नभएको र रिखीदेवी र मालती भारतीय नागरिक बदल मल्लाहको छोरी हुन् भन्ने सर्जमिन मुचुल्का प्रशासनमा पुगेको छ । वडा नं. ६ का वडाध्यक्ष वीरेन्द्रकुमार श्रीवास्तव, प्राध्यापक डा.शंकरप्रसाद नेपाललगायत, स्थानीय, प्रहरीको रोहवरमा गरिएको पछिल्लो वास्तविक सर्जमिन सही भएको पीडितको भनाइ छ । यो बिचमा पीडित मल्लाह दाजुभाइले उच्च अदालत बुटवलमा जिल्लाको फैसला त्रुटीपूर्ण रहेको भन्दै मुद्दा पुनरावेदन दिएका छन् । उक्त मुद्दा विचारधीन छ ।

मुद्दा विचारधीन रहेकै बेला रिखीदेवीले मालती भारतीय नागरिकको छोरी भएको भन्दै अर्को निवेदन अदालतमा बुझाएकी छन् । 'सरकारी कार्यालय र अदालतपिच्छे फरक फरक बयान गरेका कारण पनि रिखीदेवी र मालतीले झुटा विवरणबाट सम्पत्ती लिन खोजेको पुष्टि हुने जान्छ', पीडित सन्त भन्छन्-'तत्काल प्रशासनले उनीहरूको नागरिकता खारेज गरोस् । हामीलाई न्याय देओस् ।' उनीहरूले भारतीय नागरिकका छोरीलाई सम्पत्ती दिन नसक्ने जनाउँदै कानूनी लडाइँ लडिरहने बताए । 'सम्मानित अदालतले हामीलाई न्याय दिन्छ भन्ने विश्वास छ ।'-उनीहरूले भने ।

## निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना

गुल्मी जिल्ला सिमीचौर गा.वि.स. वडा नं. ०७ स्थाई ठेगाना भई हाल गुल्मी जिल्ला, रेसुङ्गा न.पा. वडा नं. ११, बस्ने श्री चुरामणी खत्री को छोरी श्री खिम बहादुर कार्की को श्रीमती बर्ष ७३ को श्रीमती पुर्ण कुमारी भन्ने पुनकला कार्की (नागरिकता नं. १२७७० जि.प्र.का गुल्मी मिति २०४५/०१/२९ मा जारी) को मिति २०८१/०१/०२ गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०३०२७५० मा भएको रकम भुक्तानी पाउँभनि निजको छोरा श्री राम चन्द्र कार्की ले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्रीमती पुर्ण कुमारी भन्ने पुनकला कार्की (नागरिकता नं. १२७७० जि.प्र.का गुल्मी मिति २०४५/०१/२९ मा जारी) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावीभए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला । उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**नेपालएसबिआई बैंक लि.**
**गुल्मीशाखा, गुल्मी**
**फोन ०७९-५२१०२९,**
**फ्याक्स ०७९-५२११९४**

Lumbini Province Government
Ministry of Physical Infrastructure Development
Transport Infrastructure Directorate

## Road Infrastructure Development Office

Palpa

## Invitation for Online Bids

First date of publication:23rdAugust, 2024(07thBhadra, 2081)

Road Infrastructure Development Office (RIDO), Palpa invites electronic bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egpfor following work under NCB system. All other information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp.

| S.N. | Name of Project | Contract Identification | Estimate Amount (including VAT & PS (NRs.) | Bid Security (NRs.) |
|---|---|---|---|---|
| 1 | Upgrading of KhaharePhediHumin Road, Mathagadhi-02, Palpa | RIDO-PAL-W-NCB-21-2081/082 | 2415364.62 | 66,000 |
| 2 | Upgrading of BastariKaseniDevgirJhadewa RahabasDumkibas Road Project (DevgirJhadewa RahabasKhanda), Mathagadhi-04, Palpa | RIDO-PAL-W-NCB-22-2081/082 | 2886440.89 | 78,000 |
| 3 | Upgrading of MathagadhiGa.Pa. Pauch Marg (JhadewaDevgir Khanda), Mathagadhi-04, Palpa | RIDO-PAL-W-NCB-23-2081/082 | 2884311.24 | 78,000 |
| 4 | Upgrading of BamsagopalSundargaun Pravash Road, Ta.Na.Pa.-07, Palpa | RIDO-PAL-W-NCB-24-2081/082 | 2884494.95 | 78,000 |
| 5 | Upgrading of BastariKhahareDevgir RoadTa.Na.Pa.-07, Palpa | RIDO-PAL-W-NCB-25-2081/082 | 3864273.79 | 1,05,000 |
| 6 | Upgrading of Rip Kewarachidi KrishiSadak, Baganaskali-09, Palpa | RIDO-PAL-W-NCB-26-2081/082 | 2414165.97 | 66,000 |
| 7 | Upgrading of PakarikholaLipindandaKrishi Sadak, Baganaskali-09, Palpa | RIDO-PAL-W-NCB-27-2081/082 | 2414125.82 | 66,000 |
| 8 | Upgrading of Tinau-02 Gharti-khola Khet-KholaSadak, Palpa | RIDO-PAL-W-NCB-28-2081/082 | 2884385.08 | 78,000 |
| 9 | Upgrading of PalpaNuwakot to Mahapur HudaiTamnagar Road, Tianu-02, Palpa | RIDO-PAL-W-NCB-29-2081/082 | 2404129.84 | 65,000 |
| 10 | Upgrading of TamnagarHariyalidanda KhursanetarMo.Ba, Ribdikot, Tinau-02, Palpa | RIDO-PAL-W-NCB-30-2081/082 | 4810054.50 | 1,30,000 |
| 11 | Upgrading of BayergharіTalloGanashal agricultural Road, Ta.Na.Pa-10,Palpa | RIDO-PAL-W-NCB-31-2081/082 | 1977041.25 | 54,000 |
| 12 | Upgrading of DhakrebashRanithanti Harthok Road, Ribdikot-2,Palpa | RIDO-PAL-W-NCB-32-2081/082 | 2897249.62 | 79,000 |
| 13 | Upgrading of Mujhung Ward Karlaya to BasdandaKarandiBhaisekholaChheuphan Sardewa Road, Raina-Devi Chharaha-5,Palpa | RIDO-PAL-W-NCB-33-2081/082 | 3862736.31 | 1,05,000 |
| 14 | Upgrading of TansenRanimahal Road Ta.Na.PaPalpa | RIDO-PAL-W-NCB-34-2081/082 | 3863157.42 | 1,05,000 |
| 15 | Upgrading of HatemaloMadarasa School BhimsentoleGalmadiKholaNaliNirman& TatbanndanNirman, Rampur 4 Palpa | RIDO-PAL-W-NCB-35-2081/082 | 2414437.24 | 66,000 |

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिब निवारण मन्त्रालय
भूमिसुधार तथा अभिलेख विभाग

## भूमिसुधार तथा मालपोत कार्यालय

परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)

**भूमिसुधारा तथा मालपोत कार्यालय, नवलपारसी(ब.सु.प) बाट जारी भएको हकदावी सम्बन्धी ३५ (पैतिस) दिने सार्वजनिक**

**सूचना । सूचना ।। सूचना ।।।**

जिल्ला नवलपरासी रामग्राम न.पा १३ बस्ने हंसराज कुर्मीको नाति भगौती कुर्मीको छोरा अमरजित कुर्मीले साविक जग्गाधनी विष्णु कुमारी उपाध्याय र मोहि मेरो बुवा भगौती कुर्मी भई साविक जमुवाड़ गा.वि.स. वडा नं. ७/ख कि.नं. ६१ ज. वि. ०-९-८ जम्मा हाल तहतह हुदै हालको जग्गाधनी जनक नेपालका नाउँमा कायम रहेकोमा मिति २०७५/०५/०५ मा मोही नामसारी र मिति २०७५/०५/०४ मा मोही जग्गा बाँडफाँड गरी पाउँ भनि निवेदन दिई वादी तारेखमा रहेकोमा प्रतिवादी जिल्ला पाल्पा चिदीपानी वडा नं. ६ हाल माथागढी गा.पा वडा नं. १ बस्ने जनक नेपालको नाममा यस कार्यालयबाट जारी भएको १५ दिने म्याद मालपोत कार्यालय पाल्पा, तानसेनको च.नं. ४४१७ मिति २०८१/०३/०३ को पत्रबाट तामेली म्याद रित पूर्वक भै आएकोमा म्याद भित्र कुनै किसिमको प्रतिवाद नगरी म्याद भित्र प्रतिउत्तर तथा लिखित जवाफ लिई नआएको र प्रतिवाद नगरी बसेकोमा यो हकदावी सम्बन्धी सार्वजनिक सम्बन्धी सूचना प्रकाशित गरीएको छ । बाटो म्याद बाहेक ३५ दिन भित्र सबुद प्रमाण सहित हकदावी गर्न यस कार्यालयमा उपस्थित हुन आउनु होला वा कानून बमोजिम वारेस गरी पठाउनुहोला अन्यथा कानून बमोजिम भई जाने व्यहोरा समेत यसै सूचना द्वारा जानकारी गराइन्छ ।

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिब निवारण मन्त्रालय
भूमिसुधार तथा अभिलेख विभाग
भूमिसुधार तथा मालपोत कार्यालय
परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)
भूमिसुधारा तथा मालपोत कार्यालय, नवलपारसी(ब.सु.प) बाट जारी भएको हकदावी सम्बन्धी ३५ (पैतिस) दिने सार्वजनिक
सूचना । सूचना ।। सूचना ।।।

जिल्ला नवलपरासी साविक बैकुण्ठपुर गा.वि.स वडा नं. ४ हाल रामग्राम न.पा १२ बस्ने बुद्ध भरको नाति विन्देश्वरी भरको छोरा फौदी भरले साविक जग्गाधनी विष्णु कुमारी उपाध्याय र मोहि मेरो बुवा विन्देश्वरी भर भई साविक जमुवाड गा.वि.स. वडा नं. ७ ख कि.नं.११९ ज.वि. ०-१०-१५ जग्गा हाल तहतह हुदै हालको जग्गाधनी जनक नेपालका नाउँमा कायम रहेकोमा मिति २०७४/०४/२६ मा मोही नामसारी र मिति २०७५/०३/२७ मा मोही जग्गा बाँडफाँड गरी पाउँ भनि निवेदन दिई वादी तारेखमा रहेकोमा प्रतिवादी जिल्ला पाल्पा चिदीपानी वडा नं. ६ हाल माथागढी गा.पा वडा नं. १ बस्ने जनक नेपालको नाममा यस कार्यालयबाट जारी भएको १५ दिने म्याद मालपोत कार्यालय पाल्पा, तानसेनको च.नं. ४४१७ मिति २०८१/०३/०३ को पत्रबाट तामेली म्याद रित पूर्वक भै आएकोमा म्याद भित्र कुनै किसिमको प्रतिवाद नगरी म्याद भित्र प्रतिउत्तर तथा लिखित जवाफ लिई नआएको र प्रतिवाद नगरी बसेकोमा यो हकदावी सम्बन्धी सार्वजनिक सम्बन्धी सूचना प्रकाशित गरीएको छ । बाटो म्याद बाहेक ३५ दिन भित्र सबुद प्रमाण सहित हकदावी गर्न यस कार्यालयमा उपस्थित हुन आउनु होला वा कानून बमोजिम वारेस गरी पठाउनुहोला अन्यथा कानून बमोजिम भई जाने व्यहोरा समेत यसै सूचना द्वारा जानकारी गराइन्छ ।

त्रिभुवन विश्वविद्यालय
कृषि र पशु विज्ञान अध्ययन संस्थान
पक्लिहवा क्याम्पस, भैरहवा, नेपाल

## शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१।०५।०७**

यस पक्लिहवा क्याम्पसका लागि तपसिलमा उल्लेख भए अनुसारको कार्य, नेपाल सरकारको इजाजत प्राप्त भ्याटमा दर्ता भएको सम्बन्धित कामको अनुभवी नेपाली फर्मबाट गराउनु पर्ने भएकोले उल्लेखित शर्तहरुको अधीनमा रही शिलबन्दी दरभाउपत्र फाराम दाखिला गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरुः**

१. शिलबन्दी दरभाउपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्रौं) दिनसम्ममा कार्यालय समयभित्र यस क्याम्पसबाट रु १०००।- नगद (फिर्ता नहुने) बुझाई खरिद गर्न सकिनेछ ।
२. शिलबन्दी दरभाउ फाराम खरिद गर्न फर्मको नवीकरणको प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, आ.व. २०७९।०८० को कर चुक्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न गरी निवेदन पेश गर्नुपर्नेछ ।
३. शिलबन्दी दरभाउपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ (सोह्रौं) दिउँसो १२ः०० बजेसम्ममा यस क्याम्पसमा दर्ता गर्नुपर्नेछ । रीतपूर्वक दर्ता भएको शिलबन्दी दरभाउपत्रहरु सोही दिन दिनको २.०० बजे सम्बन्धित दरभाउपत्रहरुको रोहबरमा (उपस्थित नभए पनि) खोलिनेछ ।
४. शिलबन्दी दरभाउपत्र फाराम दर्ता गर्ने अन्तिम दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन तोकिएको समयभित्र उपरोक्त समय अनुसार नै हुनेछ ।
५. शिलबन्दी दरभाउपत्र फाराम साथ तपसिलमा तोकिएको रकम धरौटी स्वरुप यस कार्यालयको नाममा रहेको नेपाल बैंक लिमिटेड, भैरहवा चल्ती हिसाब नं. ०११००१००४१७७५५०००००१ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा यस कार्यालयको नाममा जारी भएको दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा ७५ दिन म्याद भएको वाणिज्य बैंकबाट जारी भएको बैंक ग्यारेन्टीको पत्र (विडबण्ड) संलग्न हुन पर्नेछ । शिलबन्दी दरभाउपत्र पेश गर्दा खाम भित्र धरौटीको रुपमा नगद राखेमा सो दरभाउपत्र स्वतः फिर्ता गरिने छ । दरभाउपत्र स्वीकृति भए पश्चात मात्र धरौटी जम्मा रकम फिर्ता गरिनेछ ।
६. शिलबन्दी दरभाउपत्रदाताले कबोल गरेको दररेट तथा कूल रकम अंक र अक्षरमा प्रष्ट हुने गरी उल्लेख गर्नुपर्नेछ । दरभाउपत्रमा दरभाउपत्रदाताको नाम, ठेगाना, दस्तखत र छाप अनिवार्य रुपमा हुनुपर्नेछ ।
७. शिलबन्दी दरभाउपत्र फारामको खाम बाहिर फर्मको नाम, दरभाउपत्र नं. र कार्यको नाम र विवरण स्पष्ट लेख्नुपर्नेछ ।
८. हुलाक, कुरियर्स, इमेल वा फ्याक्सबाट प्राप्त दरभाउपत्रलाई मान्यता दिइने छैन ।
९. शिलबन्दी दरभाउपत्र फाराम आंशिक वा पूर्ण रुपले कुनै कारण जनाई वा नजनाई स्वीकृत गर्ने वा नगर्ने पूर्ण अधिकार यस क्याम्पसमा सुरक्षित रहनेछ ।
१०. स्पेशिफिकेशन (Specification) को हकमा नेपाल विद्युत प्राधिकरणबाट प्रमाणित भएको सामग्री हुनु पर्नेछ ।
११. शिलबन्दी दरभाउपत्र सम्बन्धी अन्य जानकारीको लागि कार्यालय समयभित्र क्याम्पस प्रशासनमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

| सि.नं. | दरभाउ पत्र नं. | कार्य विवरण | शिलबन्दी दरभाउपत्र जमानत | शिलबन्दी दरभाउपत्र दस्तुर | अनुमानित लागत रकम | किसिम |
|---|---|---|---|---|---|---|
| १. | ०१।२०८१।०८२ | ट्रान्सफर्मर खरिद र जडान कार्य | ४५,०००।- | १,०००।- | १६,०७,१५४। भ्याट बाहेक | दरभाउपत्र |

**क्याम्पस प्रमुख**
**कृषि र पशु विज्ञान अध्ययन संस्थान**
**पक्लिहवा क्याम्पस भैरहवा**

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी

विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्को बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# ‘विगतदेखिको उत्कृष्ट नतिजा एमबीएमा पनि दिन्छौं’

*पछिल्लो समय रूपन्देहीमा निजी क्याम्पसहरूले स्नातकोत्तर तहमा एमबीए अर्थात् मास्टर्स अफ बिजनेस एडमिनिस्ट्रेसन कार्यक्रम सञ्चालन गर्ने होडबाजी जस्तै छ । अहिले रूपन्देहीका आधा दर्जन बढी निजी क्याम्पसमा एमबीए पढाइका लागि भर्ना आह्वान भएको छ । यसै सन्दर्भमा २८ वर्षदेखि रूपन्देहीको शैक्षिक क्षेत्रमा विज्ञान र व्यवस्थापन संकायको पढाइमा छुट्टै पहिचानसहित सञ्चालन भइरहेको तिलोत्तमा क्याम्पसका प्राचार्य प्रा.डा. रामचन्द्र (आरसी) आचार्यसँग एमबीए कार्यक्रमको महत्व, सम्भावना र अवसरका विषयमा दैनिक लुम्बिनीले गरेको कुराकानी :*



प्रा.डा. रामचन्द्र (आर.सी.) आचार्य
प्राचार्य
तिलोत्तमा क्याम्पस

**» तिलोत्तमा क्याम्पसले एमबीए कार्यक्रम ल्याउनुको आवश्यकता र उद्देश्य के हो ?**

यस क्षेत्रका धेरैलाई अवगतनै छ तिलोत्तमा क्याम्पस २०५३ सालमा स्थापित भई यस क्षेत्र तथा राष्ट्रमै फरक पहिचान बनाउन सफल एक अग्रणी शैक्षिक संस्था हो। २८ वर्षको लामो इतिहास बोकेको यस संस्थाले प्रारम्भदेखि नै विज्ञान र व्यवस्थापन सङ्कायतर्फका कक्षाहरू सञ्चालन गर्दै आएको छ । यस संस्थाको स्थापनाको दुई वर्षपछि नै पोखरा विश्वविद्यालयको स्थापनासँगसँगै नारायणी पश्चिममा निजी क्षेत्रबाट सञ्चालन भएको पहिलो बीबीए कार्यक्रम भित्राउने एक मात्र शैक्षिक संस्था हो । यसले नै गौरवपूर्ण ऐतिहासिक विरासत बोकेको संस्थाकारूपमा तपाईंहरूले चिन्नु भएको छ। वर्तमानमा यस सस्थाले प्राप्त गरेको उच्च शैक्षिक सफलता नै हाम्रो शैक्षिक जगको बलियो आधार हो । विगत र वर्तमानको यही गर्विलो इतिहास देशको वर्तमान आवश्यकता र अवस्थालाई मध्यनजर गरी सीपमूलक, दक्ष र उद्यमशील जनशक्तिको निर्माण गर्न स्वदेशमै केही गर्न सकिन्छ भन्ने आत्मविश्वास बोकेका देशभक्त नागरिक निर्माण गरी केही हदसम्म भए पनि राष्ट्रलाई योगदान दिने उद्देश्यले नै हामीले एमबीए कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेका हौं । विगत १२ वर्षदेखि विद्यार्थी तथा अभिभावको एमबीएको माग साथै हाम्रो प्रयास अहिले आएर सार्थक भएको छ।

**» एमबीए पढ्न विद्यार्थीले तिलोत्तमा नै किन रोज्ने ?**

कहिले काहीँ ठीक समयमा उचित निर्णय लिन नसके पछि पश्चातापमा परेका कैयौं उदाहरण तपाईं हामीले हाम्रै अघि भेटेका छौं । एमबीए पढ्ने विद्यार्थी आफैं पनि अपरिपक्क हुँदैनन् । उनीहरूलाई म के आह्वान गर्न चाहन्छु भने यस कलेजमा भर्ना हुँदा तपाईंहरू पछुताउन पर्ने छैन, किनकि हामीसँग एउटा बलियो र अनुभवी टिम छ । आमन्त्रित प्रोफेसरहरू, पूर्णकालीन तथा आंशिक विशेषज्ञ प्राध्यापकहरू एवम् विद्यावारिधि उपाधि प्राप्त प्रोफेसनल फ्याकल्टी उपलब्ध छ, जुन अन्य कलेजहरूमा छैनन् । त्यसैगरी यसै क्याम्पसबाट बीबीए उत्तीर्ण गरेका विद्यार्थीहरूमा यस संस्थाप्रतिको गौरव र अपनत्व, हाम्रा शुभचिन्तक तथा अभिभावकहरूको माया पर्याप्त विद्यार्थीमैत्री तथा वातानुकूलित भौतिक सुविधा, चुस्त दुरूस्त तथा कुशल नेतृत्व, अध्ययनमैत्री पर्याप्त स्रोतसाधन तथा अनुभवी प्राध्यापकहरूको उपस्थिति, विभिन्न व्यापारिक तथा औद्योगिक घरानासँगको साझेदारी, प्रविधिमैत्री वातावरण आदि तिलोत्तमा रोजाइका लागि विद्यार्थीको मुख्य आधार हो। सबैभन्दा मुख्य कुरा हामीले हाम्रो प्रडक्टलाई जागिर खाने मानसिकताबाट माथि उठेर अरूलाई जागिर दिने, उद्यमी बन्ने जनशक्ति उत्पादन गर्ने गरी हाम्रो पूरै प्रयास गर्छौं । कक्षा १२ को नतिजा र बीबीएको नतिजामा पटक-पटक बोर्ड फर्स्ट भएको गौरवमय इतिहास पनि हाम्रो विरासत छ। त्यो विश्वासले पनि विद्यार्थीले तिलोत्तमालाई रोज्नेछन् । विगतमा दिएको उत्कृष्ट नतिजा एमबीएमा पनि दिन्छौं ।

**» पहिलो पटक यो कार्यक्रम ल्याउनुभएको छ, विद्यार्थीलाई कसरी आश्वस्त बनाउनुहुन्छ ?**

पोखरा विश्वविद्यालयअन्तर्गतको एमबीए कार्यक्रमको पाठ्यक्रम ट्राइमेस्टर आधारमा निर्धारण गरिएको छ । यो सेमेस्टर प्रणालीका कार्यक्रमसँग मेल खाने खालको छ । हाम्रा शैक्षणिक विभागका सदस्यहरू विभिन्न विश्वविद्यालयका मास्टर डिग्री तहमा अध्यापन गराउनुभएका अनुभवी र प्राज्ञिक व्यक्तित्वहरू हुनुहुन्छ । उहाँहरूलाई विश्वविद्यालय तथा क्याम्पसले बेला बेला विभिन्न खालका एफडीपीलगायतका कार्यक्रमहरू सञ्चालन गरी अनुसन्धानमूलक क्षेत्रमा समेत उत्साहित पार्ने र अग्रसर बनाउने कार्यक्रम गरिने छ। एमबीए सञ्चालनपूर्व नै हामीले यस विषयमा गहन छलफल गरी विभिन्न रणनीतिहरू योजनाबद्ध रूपमा अगाडि सारेका छौं।

अनुसन्धानात्मक क्षेत्रमा पोख्त हुनु भएका, समयको मागबमोजिम विषयगत योग्यतामा निखारिनु भएका अध्ययन अध्यापनमा अग्रसरता लिनु भएका, कुशल शिक्षणशैली, उच्चतम अभिरूचि तथा उच्च मनोबल भएका प्रध्यापकहरूको समूह तथा उद्यमशीलता एवम् रोजगारी उन्मुख जनशक्ति उत्पादन गर्ने उद्देश्यले विद्यार्थीहरूलाई विश्वस्त पार्नसक्ने विभिन्न पक्ष तथा सूचकाङ्कहरू हामीसँग छन् । यिनै शक्ति नै हाम्रा विद्यार्थीहरूलाई आश्वस्त पार्ने आधार हुन् ।

**» अधिकांश प्लस टु पूरा गर्ने बित्तिकै विद्यार्थी विदेश जाने गलत परिपाटी छ, ब्याचलर तहमा विद्यार्थी नै पाइनै छाडे, यस्तो विषम अवस्थामा एमबीएमा विद्यार्थी कसरी पाउनुहुन्छ ?**

विदेश जाने परिपाटीलाई नियन्त्रण गर्ने कुरा एउटा कलेजको सामर्थ्यभित्र कति पर्छ त्यो महत्वपूर्ण बहसको पाटो हो। यस्ता विषयमा यस कलेजले विश्वविद्यालयका विभिन्न निकायहरूसँग गम्भीर परामर्श र समन्वय गरी अगाडि बढाउने योजना रहेको छ भने अर्कातर्फ यो विषय उच्च राजनीतिक तथा नीतिनिर्माण र बौद्धिक तहको समन्वयमा राज्यले लिने नीतिमा अझ बढी भर पर्छ जस्तो मलाई लाग्छ। यसो भनेर सम्पूर्ण जिम्मेवारीबाट हामी उम्कन सक्दैनौ । त्यसैले यसमा हाम्रो पनि दायित्व हुन्छ । आज आम युवामा विदेश पलायनको नराम्रो लत बसेको देखिन्छ । यसको मुख्य कारण राजनीतिक अस्थिरता, नीतिगत मार्गदर्शनको अभाव र आम युवामा स्वदेशमै भविष्य नखोज्ने प्रवृत्तिगत गम्भीर समस्या हो । त्यसका लागि शैक्षिक क्यालेन्डरको हुबहु कार्यान्वयन, समयसापेक्ष पाठ्यक्रम, समयमै परीक्षा सञ्चालन र परीक्षाफल प्रकाशनलगायतका कार्यमा ध्यान दिनु जरूरी छ। यसका लागि हाम्रो कलेजले प्रोत्साहन भत्ता, विभिन्न छ महिने वा एक वर्षे इन्टनसीपका कार्यक्रम, विभिन्न व्यापारिक तथा औद्योगिक सस्थाहरूसँगको साझेदारी आदि कारणले विद्यार्थीहरूलाई स्वदेशमै उच्च आयस्रोत प्राप्त गर्न र स्वरोजगार बन्न सकिन्छ भन्ने विश्वसनीय वातावरण निर्माणका लागि सहजीकरण गर्न सक्छौं । हाम्रो कलेजका लागि आवश्यक विद्यार्थीको स्रोत भनेको बीबीए तहबाट उत्तीर्ण आफ्नै विद्यार्थी तथा विभिन्न क्षेत्रमा छरिएर रहेका हाम्रा विद्यार्थीका अभिभावक र तिलोत्तमाको विगतदेखिको उत्कृष्ट नतिजा पनि हो । साथै यहाँबाट उत्पादित शैक्षिक जनशक्ति राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थामा आबद्ध तथा विभिन्न निकायमा कार्यरत छन् । उनीहरूले प्राप्त गरेको उच्चतम प्रतिफलको प्रभाव तथा अभिभावक, विद्यार्थीहरू तथा शुभचिन्तकहरूको माया हाम्रो एमबीए कार्यक्रममा विद्यार्थी आकर्षणको महत्वपूर्ण स्रोत हो।

**» एमबीए पढ्न शुल्क महँगो छ भनिन्छ ? खासमा के हो ? छात्रवृत्तिको व्यवस्था के छ ?**

खासमा एमबीए कार्यक्रमको अध्ययन शुल्क अन्य शैक्षिक संस्थाहरू तथा वर्तमान समय सापेक्षतालाई ध्यानमा राखी निर्धारण गरिनेछ। ३० जना भर्ना हुन पाउने यो कार्यक्रममा दश प्रतिशत पूर्ण निःशुल्क छात्रवृत्ति तथा अन्य विभिन्न सुविधा रहेका छन् । यस तिलोत्तमा क्याम्पसमा एमबीए अध्ययन गर्न चाहने विद्यार्थीका लागि क्याम्पसकै आन्तरिक स्रोतको व्यवस्थापनबाट विशेष सेवासुविधा प्रवाहित गर्ने योजना बनाएका छौं। विशेषगरी अति लगनशील, गरिब, जेहेन्दार, दुर्गम तथा दूरदराजका विद्यार्थीलाई थप छात्रवृत्तिको योजना बनाएका छौं । यससम्बन्धी विशेष जानकारी चाहिएमा कलेजमा भिजिट गरी प्रशासनसँग सम्पर्क राख्नुहुन इच्छुक अभिभावक तथा विद्यार्थीलाई अनुरोध गर्दछौं।

## राष्ट्रिय सेवा दल तालिमको अनुगमन



बुटवल । मणिमुकुन्द कलेजमा गठित राष्ट्रिय सेवा दल (एनसीसी) सिनियर ग्रुपको तालिमकोअनुगमन तथा निरीक्षण भएको छ । राष्ट्रिय सेवादलमध्ये तालिम शिक्षालयअन्तर्गत तारादल गणको जिम्मेवारी क्षेत्रमा सञ्चालित भएको सि.सं. १९ सिनियर डिभिजन तालिमको अनुगमन तथा निरीक्षण प्रमुख अतिथि शिक्षाधिकृत प्रमुख सेनानी बासुशरण खड्का, समन्वय अधिकृत सेनानी कान्छा शाही, सहायक निरीक्षक शंकर खड्का, राजु तामाङ, माधव अर्याल, मेघराज पौडेललगायतले अनुगमन गरेका हुन् ।

१८ जना छात्र र १८ जना छात्राहरु तालिमरत रहेको उक्त तालिमको अनुगमन तथा निरीक्षण कार्यक्रममा तारादल गणका सेनानी कान्छा शाहीले सहजीकरण गरेका थिए। एक सय दिनसम्म चल्ने उक्त तालिमको महत्वको बारेमा नेपाली सेना राष्ट्रिय सेवादल मध्य तालिम शिक्षालयका शिक्षाधिकृत प्रमुख सेनानी बासुशरण खड्काले जानकारी गराए।

कलेजका प्राचार्य टुकबहादुर क्षेत्रीले कलेजमा राष्ट्रिय सेवादल गठनले विद्यार्थीहरुमा राष्ट्रियता, देशभक्ति, अनुशासन र सामाजिक भावनाको विकास गराई सुयोग्य नागरिक बन्न उत्प्रेरित गर्ने बताए। कलेज व्यस्थापन समितिका अध्यक्ष गमप्रशाद रेश्मी, सह-प्राचार्य दिवाकर खनाल, विज्ञान संयोजक लक्ष्मण गैरे, व्यस्थापन संयोजक पशुपति चौधरीले मणिमुकुन्दले विद्यार्थीको शैक्षिक गुणस्तरसँगै अतिरिक्त क्रियाकलाप र खेलकुदमा पनि उत्तिकै महत्व दिएर विद्यार्थीको सर्वाङ्गीण विकासमा जोड दिएको बताए।


हार्दिक बधाई तथा शुभकामना



श्री बिन्द्रेश हरिजन

यस श्री पवन माध्यमिक बिद्यालय नवलपरासी ब.सु.प.को बिद्यालय व्यवस्थापन समितिको गरिमामय अध्यक्ष पदमा श्री बिन्द्रेश हरिजन नियुक्त हुनुभएकोमा हार्दिक बधाई तथा सफल कार्यकालको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं । उहाँले यस बिद्यालयको शैक्षिक सुधार र भौतिक पूर्वाधारको क्षेत्रमा थप प्रगती गर्ने कुराको अपेक्षा सहित सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

अरबिन्द्र कुमार पाठक
प्रधानध्यापक
एंव
श्री पवन माध्यमिक बिद्यालय नवलपरासी ब.सु.प परिवार

विपद व्यवस्थापनमा सहयोगी बनौं

-विपदले आपतकालीन अवस्था सिर्जना गर्न सक्छ,
-विपदमा धनजनको क्षतिका साथै जीवनयापनमा प्रतिकूल असर पर्न सक्छ,
-विपदबाट प्रभावितको जीवनरक्षाका लागि सहयोग गरौं,
-भौगोलिक र मौसमी अवस्थाको प्राप्त सूचनाबाट विपदको बारेमा सचेत रहौं,
-भ्रमपूर्ण सूचनाबाट सजग रहौं, विपद परेमा स्थानीय तह वा स्थानीय प्रशासनलाई जानकारी गराऔं, विपद प्रभावितलाई सुरक्षित स्थानमा लैजाऔं
-विपदको अवस्थामा आवश्यक पर्ने निकै उपभोग्य वस्तुको संचय गरौं,
-बालबालिका, ज्येष्ठ नागरिक र विशेष अवस्थाका मानिसलाई विशेष हेरविचार र संरक्षण गरौं, उदार, राह पुर्नस्थापना, पुनर्लाभ सहभागी बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्

सम्पर्क:
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदुर संघको भवनमा
फोन:-०७१-५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्

बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२

सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।

मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

नेपाल सरकारद्वारा मान्यता प्राप्त पश्चिम नेपालकै पहिलो बहु विशेषज्ञ दन्त अस्पताल
आले डेण्टल हस्पिटल प्रा. लि.
श्रवणपथ, बुटवल-६, रुपन्देही, नेपाल (भुड्कीचोक देखि ५० मिटर पूर्व)
071-530108, 532544 dentalhospitalale@gmail.com www.aledentalhospital.com
दाँत, मुख तथा गिजा उपचार केन्द्र





"Healthy Smile, Happy Life" Our Location "स्वस्थ मुस्कान, खुशी जीवन"


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादकः टिआर शर्मा,
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com